बरहथवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बरहथवा, सर्लाही

मधेश प्रदेश, नेपाल

## सटर भाडामा लगाउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०५/०४ गते

यस बरहथवा नगरपालिकाको मिति २०७९/०८/२३ र २०८०/०३/०५ गतेको बसेको नगरकार्यपालिकाको बैठकको निर्णयानुसार र यस कार्यालयको मिति २०८०/०५/०३ गतेको निर्णयानुसार बरहथवा नगरपालिका गुदरी बजारमा निर्माण गरिएको व्यापारिक तथा व्यवसायिक सटरहरु भाडामा लगाउने निर्णय भएको हुँदा देहायमा उल्लेखित शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तपसिलमा उल्लेखित दस्तुर बुझाई वोलपत्र फाराम खरिद गरी आफूले कबोल गरेको दररेट भरी सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः-**

| विवरण | सटर नं. | न्युनत्तम रकम रु. |
|---|---|---|
| बरहथवाको गुदरी बजारमा रहेको सटर नं.१ देखि १० मध्ये | ८ | ६,१००/- |
| बरहथवाको गुदरी बजारमा रहेको सटर नं.१ देखि १० मध्ये | ९ | ६,१००/- |
| बरहथवाको गुदरी बजारमा रहेको सटन नं. १ देखि ८ मध्ये | ४ | ६,१००/- |

**शर्तहरुः-**

१. बोलपत्र फाराम खरिद गर्न आउने इच्छुक व्यक्तिले फर्म/संस्थाको प्रोपाइटरको नेपाली नागरिकताको प्रमाण प्रत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा म्याद थपको पत्र र स्थानीय तहमा दर्ता तथा नविकरण भएको व्यवसाय प्रमाण पत्र प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

२. वोलपत्र फाराम यस कार्यालयको राजश्व शाखाबाट रु. १००० (एक हजार मात्र) फिर्ता नहुने गरी नगदी रसिद तिरी खरिद गर्न सकिनेछ।

३. वोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिन कार्यालय समय सम्म हुनेछ ।खरिद गरिएको फाराम १६ (सोह्र) औं दिन दिनको १२:०० बजे सम्म यस कार्यालयको राजश्व शाखामा दर्ता गरी सक्नु पर्नेछ । उक्त वोलपत्र फाराम यस कार्यालयमा विभिन्न कार्यालय प्रतिनिधि र फाराम भर्ने व्यक्तिको रोहवरमा सोही दिन दिनको २:०० बजे

यस कार्यालयमा खोलिनेछ । तर फाराम भर्ने व्यक्ती वा प्रतिनिधि उपस्थित नभएमा पनि उक्त सिलबन्दी वोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. सटर भाडा कवोल गर्ने व्यक्ति/फर्मले धरौटी वापत प्रति सटर नेपाली नागरिक भएमा कवोल अंकको ५ वर्षमा हुन आउने कुल भाडा रकमको ५ (पाँच) प्रतिशत रकम बरहथवा नगरपालिकाको धरौटी रकम ने.बैं.लि. बरहथवा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. १४००३०००००३००००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर सिलबन्दी फाराम सहित पेश गर्नु पर्नेछ ।

५. बोलपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सम्म हुनेछ ।

६. सिलबन्दी नगरी वा म्याद भित्र प्राप्त नभएका वोलपत्र उपर कारवाही हुने छैन ।

७. एक फर्मबाट खरिद भएको वोलपत्र फाराम अर्को फर्मले प्रयोग गर्न सक्ने छैन ।जसको नाममा सकार हुन्छ उसैले व्यवसाय संचालन गर्नुपर्नेछ । अरुलाई बेच्न पाउने छैन ।

८. पानी महशुल तथा विधुत महशुल भाडामा लिने व्यक्ति/फर्म स्वयंमले व्यहोर्नु पर्नेछ ।

९. सवैभन्दा भन्दाबढि भाडा सकार गर्ने फर्मले सटर सम्झौता गर्न आउँदा रु. २,००,०००/- (अक्षेरुपी दुई लाख मात्र) धरौटी राखे पछि सटर भाडा सम्झौता गरिनेछ ।

१०. सटर भाडा रकम महिना समाप्त भएको मितिले ७ दिन भित्र बुझाउनु पर्नेछ । तोकिएको समय भित्र भाडा रकम दाखिला नगरेमा पहिलो महिना ५ प्रतिशत, दोस्रो महिना १५ प्रतिशत र तेस्रो महिना २५ प्रतिशत थप जरिवाना लाग्नेछ । तेस्रो महिना भित्र भाडा रकम नबुझाएमा धरौटीबाट रकम मिलान गरी सम्झौता स्वत रद्द हुनेछ ।

११. सटर सम्झौताको अवधि ५ (पाँच) वर्षका लागि हुनेछ । सटर कोठाको बहाल रकम सम्झौता भएको मितिल प्रत्येक २ वर्षमा भाडा रकममा १० प्रतिशतले स्वत वृद्धि हुनेछ ।सटरहरु सम्बन्धमा ५ वर्ष पुगेपछि नवीकरण म्याद थप वन पुनः सूचना निकाल्ने अन्तिम निर्णय नगर कार्यपालिकाको हुनेछ ।

११. सम्झौता अवधी भन्दा पहिला नै सटर छोडनु पर्ने भएमा कममा १ (एक) महिना अगाडी लिखित जानकारी गराउनु पर्नेछ । कार्यालयले खाली गराउन परेमा ३ (तीन) महिना अगाडी लिखित जानकारी गराई सटर खाली गराउन सक्नेछ ।

१२. वोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।

१३. यसमा नखुलेको कुराहरु प्रचलित ऐन, नियम तथा कानून बमोजिम हुनेछ ।

..............................

मदन कुमार थापा

प्रमुख प्रशासकीय अधिकृत

पुनश्चः- यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्ने सकिनेछ ।